# हतुवागढी राजपत्र


## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ६ सङ्ख्या : १२ मिति : २०७९/१०/२३


## भाग-१

## <u>हतुवागढी गाउँपालिका</u>

हतुवागढी गाउँपालिकाको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

गाउँ सभाबाट स्वीकृत मितिः २०७९/

# हतुवागढी गाउँपालिकाको विनियोजन ऐन संसोधन, २०७९

हतुवागढी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाँट केही रकम खर्च गर्ने र विनियोजन गर्ने कार्यमा आवश्यक संसोधनको सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन संसोधन विद्येयक, २०७९

**<u>प्रस्तावना</u>**

हतुवागढी गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजनलाई संसोधन तथा रकमान्तर गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम हतुवागढी गाउँसभाले यो विधयेक बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

(१)यस ऐनको नाम **"हतुवागढी गाउँपालिका विनियोजन ऐन,संसोधन, २०७९"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा

क. गाउँसभा भन्नाले हतुवागढी गाउँपालिकाको सभालाई संझनु पर्दछ ।

ख. कार्यपालिका भन्नाले हतुवागढी कार्यपालिकालाई संझनु पर्दछ ।

ग. वडा समिति भन्नाले हतुवागढी गाउँपालिकाको वडा समिति संझनु पर्दछ ।

घ. विषयगत शाखा भन्नाले हतुवागढी गाउँपालिका अन्तर्गतको शाखा, आयोजना सचिवालय, इकाई, कार्यालय तथा प्रशासनिक इकाईलाई समेत संझनु पर्दछ ।

ङ. संचित कोष भन्नाले हतुवगढी गाउँपालिकाको संचित कोषलाई संझनु पर्दछ ।

३. विनियोजित बजेटको सिमा भित्र रही संलग्न अनूसूची बमोजिम आवश्यक संसोधन शिर्षकान्तर,रकमान्तर,हेरफेर एवं थप गरिएको छ ।

आज्ञाले :
महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत

हतुवागढी राजपत्र